सोलुदुधकुण्ड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

## यान्त्रिक उपकरण आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशन मिति : २०७४/०७/१९ गते)

१) यस नगरपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका यान्त्रिक उपकरणहरु सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वक छुट्टाछुट्टै बोलपत्र www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम www.bolpatra.gov.np/egp मार्फत (कार्यालयबाट हार्ड कपी खरिद गर्न नसकिने) खरिद गर्न सकिनेछ ।

३) यसरी खरिद गरिएका बोलपत्र फारमहरुको मुल्यसूची महलहरुमा स्पष्ट रुपमा कवोल अंक भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र बोलपत्र फाराममा उल्लेख भएका आवश्यक कागजातहरु साथमा तपसिलमा उल्लेख वोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) यस नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक, सल्लेरी शाखामा रहेको संचित कोष खाता नं. २०२०३०४०१४१०२ मा दाखिला गरि सो को भौचर सहित www.bolpatra.gov.np/egp मार्फत छुट्टाछुट्टै बोलपत्र दर्ता गराउन सकिने छ ।

४) बोलपत्र फारमसाथ तपशिल बमोजिमको जमानत वापतको रकम यस नगरपालिका कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक, सल्लेरी शाखामा रहेको धरौटी खाता नं. २०२०३०३००३००१ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको ( बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बैंक जमानत पत्र समेत पेश गर्नु पर्नेछ ।

५) www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु ३१ औं दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाताहरुको रोहबरमा खोलिनेछ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका दर्ता भएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्रमा उल्लेख प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९) अन्य कार्यविधिहरु स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) अनुसार हुनेछ ।

१०) बोलपत्र सम्बन्धी थप जानकारीका लागी फोन नम्बर ०३८-५२०२६४ वा ईमेल solududhkundamun@gmail.com वा मोवाइल नम्बर ९८५११६६२१९ मार्फत सम्पर्क गरि जानकारी प्राप्त गर्न सकिने छ ।

| **बोलपत्र/ठेक्का नं.** | **सामान/उपकरणको नाम** | **आवश्यक संख्या** | **बोलपत्र फारम दस्तुर रु.** | **जमानत रकम** |
|---|---|---|---|---|
| भि-०१/२०७४/०७५ | एक्साभेटर ब्रेकर सहित (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३०००/- | ३,५०,०००।०० |
| भि-०२/२०७४/०७५ | डबल ड्रम टेन्डम भाइब्रेटिङ्ग रोलर (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | १,२५,०००।०० |

कार्यकारी अधिकृत